जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मकवानपुरद्वारा प्रकाशित



# ई बुलेटिन

२०७७ साल बैशाख २२ गते सोमबार

**Stay home. Stay safe. Save lives.**

## कैलाश गाउँपालिका वडा नं. ९, कुमल्टारमा बिदेशबाट घर फर्केकाहरूको RDT गरिदैं ।



## बागमती गाउँपालिका, राईगाउँमा RDT गरिदैं ।





# कमाण्ड पोष्ट गठन

मकवानपुर जिल्लाभित्र कोरोनाभाइरसको संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मिति २०७६ चैत्र १३ गते एक कमाण्ड पोष्ट गठन गरियो ।

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| जिल्ला समन्वय अधिकारी | सदस्य |
| प्रमुख सेनानी | सदस्य |
| प्रहरी उपरीक्षक | सदस्य |
| सशस्त्र प्रहरी उपरीक्षक | सदस्य |
| उपअनुसन्धान निर्देशक | सदस्य |
| वरिष्ठ जनस्वास्थ्य प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख, हे.उ.न.पा. | सदस्य |
| अध्यक्ष, म.उ.वा.सं. | सदस्य |
| स.प्र.जि.अ | सदस्य-सचिव |








अनुगमनको क्रममा हेटौडा बजारमा देखिएको लकडाउनको अवस्था ।

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) गठन

COVID-19 को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकारी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मकरूपमा गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यादेशबमोजिम मिति २०७६ चैत्र २१ गते जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को गठन गरी कार्यादेशबमोजिम कार्य गरिएको ।

**जिल्लास्तरीय संरचना**

प्रमुख जिल्ला अधिकारी
जिल्ला समन्वय अधिकारी
प्रमुख सेनानी
प्रहरी उपरीक्षक
सशस्त्र प्रहरी उपरीक्षक
उप-अनुसन्धान निर्देशक
हेटौडा अस्पताल प्रमुख

**सल्लाहकार समूह**

१. जिल्ला समन्वय समिति प्रमुख
२. नगर प्रमुख, हेटौडा उ.म.न.पा.

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बाट भएका क्रियाकलापहरू

- COVID-19 को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमनको कार्य गरिएको । साथै मापदण्ड अनुसार नभएका क्वारेन्टिनहरूलाई मापदण्ड बमोजिम बनाइएको ।
- औषधी, उपकरण तथा स्वास्थ्य सामग्री लगायत आवश्यक वस्तु तथा सेवाको आपूर्तिको व्यवस्थापन गरिएको ।
- आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरिएको ।
- मापदण्ड अनुसारको Isolation र ICU को व्यवस्थापन गरिएको ।
- Patient Receiving Team (PRT) गठन गरी बिरामीहरूलाई हेटौडा अस्पतालसम्म ल्याउने व्यवस्था मिलाइएको ।
- स्थानीय तहहरूबाट सूचना संकलन गरी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (National Emergency Operation Center-NEOC) र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Center) मार्फत COVID-19 Crisis Management Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गरिएको ।
- जिल्लाभित्र रहेका सरकारी, सामुदायिक र निजी सबै एम्बुलेन्सहरूको विवरण तयार गरिएको र पालिकाहरूलाई आवश्यकताअनुसार एम्बुलेन्स सेवा उपलब्ध गराइएको ।
- हेटौडा अस्पतालमा २४ सै घण्टा Emergency-2 (Fever clinic) सञ्चालनमा ल्याइएको ।
- अस्पताल र हेटौडा बजार क्षेत्रमा Disinfection Spray गर्न लगाइएको ।

## निजी अस्पतालबाट सेवा सुचारु

मिति २०७६ चैत्र १९ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितको बैठकबाट हेटौंडास्थित निजी अस्पतालहरूबाट समेत सेवा सुचारू गराउने भनी निर्णय भएबमोजिम निजी अस्पतालबाट नियमित सेवा सुचारु गराइएको । सेवा प्रवाहका सम्बन्धमा अनुगमनको जिम्मेवारी हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र स्वास्थ्य कार्यालय, मकवानपुरलाई संयुक्तरूपमा प्रदान गरिएको ।

## विद्युतीय माध्यमबाट भूक्तानीका लागि अनुरोध

विद्युत, पानी लगायतका महशुलहरूको भूक्तानीको लागि सम्बन्धित कार्यालयको काउन्टरमा गई भूक्तानी गर्नुको साटो विद्युतीय माध्यमबाट गर्न आ-आफ्नो स्थानीय तहमा बसोबास गर्ने नागरिकहरूलाई सम्बन्धित स्थानीय तहले सू-सूचित गराउन अनुरोध गरिएको ।

## अनिवार्य क्वारेन्टीनमा राख्ने व्यवस्था मिलाइएको

बाहिरी जिल्लाबाट मकवानपुर जिल्लाका विभिन्न स्थानीय तहहरूमा आएका व्यक्तिहरूलाई सम्बन्धित स्थानीय तहबाट अनिवार्यरूपमा स्वास्थ्य परीक्षण गरी स्वास्थ्य अवस्था अनुसार संस्थागत वा होम क्वारेन्टीनमा राख्ने व्यवस्था मिलाइएको । आफ्नो स्थानीय तहमा आएका व्यक्तिहरूको विवरण अनिवार्यरूपमा जिल्ला समन्वय समितिको कार्यालयमा पठाउन र जिल्ला समन्वय समितिको कार्यालयले जिल्ला प्रशासन कार्यालयमा पठाउने व्यवस्था समेत गरिएको ।

## सडक/बाटो अवरोध हटाइएको

विभिन्न स्थानहरूमा सडक/बाटो अवरूद्ध गर्ने कार्यले लकडाउनको अवधिमा शान्ति सुरक्षा, आपत्कालीन तथा अत्यावश्यक सेवा सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित सवारी साधन आवतजावतमा प्रतिकूल असर पुग्ने भएकोले स्थानीयस्तरमा सडक/बाटोहरू अवरुद्ध नगर्न सबैमा अनुरोध गरिएको र अवरोध भएको खण्डमा सुरक्षाकर्मी परिचालन गरी तत्काल अवरोध हटाइएको ।

# भारत र तेस्रो मुलुकबाट २०७६ चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्यात्मक विवरण ।


| | |
|---|---|
| हेटौंडा उपमहानगरपालिका | २५० |
| थाहा नगरपालिका | ७९ |
| मनहरी गाउँपालिका | ६९ |
| भिमफेदी गाउँपालिका | ३३ |
| बागमती गाउँपालिका | ३१ |
| मकवानपुरगढी गाउँपालिका | २५ |
| कैलाश गाउँपालिका | २० |
| बकैया गाउँपालिका | १७ |
| इन्द्रसरोवर गाउँपालिका | १६ |
| राक्सीराङ गाउँपालिका | ९ |

## बाहिरी जिल्लाबाट हरियो तरकारी आयातमा रोक

मकवानपुर जिल्लाभित्र उत्पादित तरकारीले यस जिल्लाको आवश्यकता पूर्ति गर्नसक्ने स्थिति रहेको र बाहिरी जिल्लाबाट हरियो तरकारी आयात गरी बेचबिखन हुँदा कोरोनाको संक्रमण फैलिन सक्ने सम्भावना समेत रहेको कुरालाई मध्यनजर गर्दै जिल्ला कमाण्ड पोष्टको निर्णयबाट मकवानपुर जिल्लामा अर्को सूचना नभएसम्मका लागि बाहिरी जिल्लाबाट हरियो तरकारी आयातमा रोक लगाइएको ।

## पसलहरू विहान ९:०० बजेसम्म मात्र खुला रहने

दूध तथा दुग्धजन्य पदार्थ मात्र विक्री वितरण गर्ने डेरी पसल, खाद्यान्न, तरकारी लगायतका खाद्य सामग्री विक्री वितरण गर्ने खुद्रा तथा होलसेल पसलहरू अर्को सूचना जारी नभएसम्मका लागि विहान ९:०० बजेसम्म मात्र खुला राखे व्यवस्था मिलाइएको ।



COVID-१९ को संक्रमण रोकथामका लागि हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाले हेटौडा बजार क्षेत्रमा Disinfection spray गरेको ।

## Disinfection Spray गरिएको

तराईबाट प्रवेश गरी मकवानपुर जिल्लाको लागि अत्यावश्यक सामग्री ढुवानी गरी आउने सवारी साधनहरूलाई हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले Disinfection Spray गर्ने व्यवस्था मिलाएको ।

मकवानपुर उद्योग वाणिज्य संघको सहजीकरणमा खाद्यान्न तथा अत्यावश्यक सामग्री ढुवानी गरी ल्याउने सबै व्यवसायीहरूलाई Load & Unload गर्ने सवारी साधनहरूमा अनिवार्यरूपमा Disinfection Spray गर्न लगाइएको ।

## मार्गदर्शन (Guideline) तयार गरी लागू गरिएको

श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३४९९, मिति २०७६-१२-२२ को पत्रसाथ प्राप्त नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६-१२-२० को बैठकको निर्णय तथा बागमती प्रदेशका माननीय मुख्यमन्त्रिज्यूको निर्देशन समेतका आधारमा नेपाल सरकारले तोकेको स्वास्थ्य लगायत अन्य मापदण्डहरू अनिवार्य पूरा गर्ने गरी जिल्लाभित्र कृषि उपज, अत्यावश्यक उद्योग र विकास निर्माणसँग सम्बन्धित आयोजनाहरू सञ्चालन गर्न जिल्ला समन्वय समिति मकवानपुरद्वारा मार्गदर्शन (Guideline) तयार गरी लागू गरिएको ।

## स्वास्थ्य सम्बन्धी मापदण्डको पालना

कार्यक्षेत्रमा खटिदा, सेवा सञ्चालन तथा प्रवाहको लागि कार्यालयमा काम गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धि मापदण्डहरूको पूर्ण पालना गर्ने तथा सावधानीका उपायहरूको पूर्ण पालना र कार्यान्वयन गर्ने गराउने सम्बन्धमा जिल्लास्थित सबै कार्यालयहरूलाई अनुरोध गरिएको ।

## भेला, महोत्सव वा जात्रा पर्वहरू आयोजना नगर्न, नगराउन सबैमा अनुरोध

हालै केही पत्रपत्रिकाहरूमा चाडपर्व, संस्कृति र परम्परा कायम गर्ने नाममा स्वास्थ्य सुरक्षाका न्यूनतम पूर्व सावधानी विना नै ठूलो संख्यामा मानिसहरू भेला भईरहेको समाचारहरू आइरहेका छन् । यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट मकवानपुर जिल्लामा कुनै पनि भेला, महोत्सव वा जात्रा पर्वहरू आयोजना नगर्ने र त्यसमा सहभागी नहुन विभिन्न मितिमा सूचना समेत जारी गरिसकिएको छ । हालको विषय परिस्थितिमा मकवानपुर जिल्लाभित्र यस प्रकारको कुनै पनि भेला, महोत्सव वा जात्रा पर्वहरू आयोजना नगर्न, नगराउन सबैमा पुन: अनुरोध गरिन्छ ।



# जिल्लाभित्र रहेका एम्बुलेन्सहरूको विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | चालकको विवरण | एम्बुलेन्स धनी/निकाय |
|---|---|---|---|
| हेटौंडा उपमहानगरपालिका | ना.२.च ७३०९ | प्रेम बहादुर गोले, ९८४५९७८८३६ | चुरियामाई उ.समिति |
| | ना.३.च ४८८ | ज्ञानेन्द्र घिमिरे, ९८४५८४६६३९ | नारायणी व्य.संघ शव वाहन |
| | ना.३.च १९२५ | आत्म अर्याल, ९८५५०७१०६३ | नारायणी यातायात व्यवसाय संघ |
| | ना.१.झ ९३९ | जित कुमार मोक्तान, ९८४५२९७५७९ | पदमपोखरी हे.पो. |
| | बा.१.झ १५९३ | अर्जुन लामा, ९८४५१८६२३१ | पदमपोखरी हे.पो. |
| | ना.३.च ८२८९ | रमेश लामा | मकवानपुर सहकारी अस्पताल |
| | ना.४.च १४० | विष्णु दाहाल, ९८६५१७४१८८ | युवा बचत सहकारी संस्था |
| | बा.१.झ १६१२ | हरि कृष्ण श्रेष्ठ, ९८५५०८८३४५ | हर्नामाडी स्वास्थ्य चौकी |
| | | अशोक मोक्तान, ९८४५०१८५१५ | श्री मोक्तान समाज ,मकवानपुर |
| | बा.१.झ. ९६३ | विनोद श्रेष्ठ, ९८४५०३११७७ | हेटौंडा अस्पताल |
| | बा.२१.च ९८५९ | जनार्दन नेपाल, ९८५५०२८९५२ | खडानन्द नेपाल मेमोरियल |
| | ना.३.च ६३२८ | राजु मोक्तान, ९८४५६७०३१० | रुरल हेल्थ |
| थाहा नगरपालिका | | ९८४५०७२१५२ | नेपाल रेडक्रस सोसाइटी |
| | ना.१.झ १५६५ | सनम कार्की, ९८१४२०७४०१ | पालुङ्ग हेल्थ पोष्ट |
| | ना.३.च ५१३४ | युवराज थिङ्ग, ९८६०२२३७५५ | डाडाबास एम्बुलेन्स हिमशिखर सहकारी |
| | बा.८.च २६५ | दिलिप भट्ट, ९८५१०८६१५४ | नेवा मोचा बज्रबाराही |
| | बा.१.झ ९८३ | जेठा दोङ्ग, ९८४५६६८६८९ | नौखण्डे हेल्थ पोष्ट टिष्टुङ्ग |
| भिमफेदी गाउँपालि | बा.१.झ ९८३ | जेठा दोङ्ग, ९८४५६६८६८९ | नौखण्डे हेल्थ पोष्ट टिष्टुङ्ग |

| स्थानीय तह | एम्बुलेन्न नं. | चालकको विवरण | एम्बुलेन्स धनी/निकाय |
|---|---|---|---|
| मनहरी गाउँपालिका | ना.२.च १७३८ | भिम बहादुर मोक्तान, ९८४५१०५८२१ | रेडक्रस |
| | बा.१.झ ८४०० | अजय मोक्तान, ९८४५५०४०५५ | मनहरी हेल्थ पोष्ट |
| | ना.१.झ १६०४ | राजु के. तिमल्सिना, ९८५५०२५५०० | हाडीखोला हेल्थ पोष्ट |
| | ना.४.च ५९५६ | सुरज रुम्वा, ९८६३३४१११ | वाणिज्य संघ |
| मकवानपुरगढी गाउँपालिका | ना.४.च ५९५६ | सुरज रुम्वा, ९८६३३४१११ | वाणिज्य संघ |
| | ना.४.च ५९५६ | सुरज रुम्वा, ९८६३३४१११ | वाणिज्य संघ |
| कैलाश गाउँपालिका | ना.४.च ३८५ | राजु थोकर, ९८४५२९७१६८ | प्रेम सेवा समाज नामटार |
| बकैया गाउँपालिका | बा.२.झ २०९९ | हेम फूयाल, ९८६५२११५९४ | छतिवन हे.पो. |
| | बा.१.झ १५८७ | दिपेश गौतम, ९८१४२९२०२० | छतिवन हे.पो. |
| इन्द्रसरोवर गाउँपालिका | ना.१.झ १५९२ | मोहन ठकुरी, ९८४११६९९२४ | सिस्नेरी हे.पो. |
| बागमती गाउँपालिका | ना.१.झ ९७६ | हेम बहादुर माझी, ९८४५६१३६०५ | बेतिनी हे.पो. |
| | ना.१.झ १६९० | गणेश पुलामी, ९८६५१६७४११ | राईगाँउ हे.पो. |
| राक्सीराङ्ग गाउँपालिका | प्रदेश-३-०१-००२ झ ५०१४ | सिमोन रुम्बा, ९८६४७७६६०० | राक्सिराङ्ग स्वास्थ्य चौकी |

## एम्बुलेन्स पार्टिसन


COVID-19 रोगको महामारी रोकथाम, प्रतिकार्य र नियन्त्रण गर्ने कार्यका लागि प्रयोग हुने एम्बुलेन्सहरूलाई सुरक्षात्मक दृष्टिकोणले बिरामी र चालकबीचको दूरी कायम राख्न पार्टेसन गर्ने सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर र स्वास्थ्य कार्यालय, मकवानपुरको समन्वयमा स्थानीय तहहरूलाई सम्बन्धित स्थानीय तहमा रहेका सरकारी एम्बुलेन्सहरूलाई पार्टिसन गर्न लगाइएको ।

**पार्टिसन गरिएको एम्बुलेन्सको जम्मा संख्या:** १९

(हेटौडा-१०, थाहा-०, कैलाश-२, इन्द्रसरोवर-०, भिमफेदी-०, मनहरी-१, राक्सीराङ्ग-१, मकवानपुरगढी-०, बकैया-२, बागमती-३)

## सवारी पास व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएको

लकडाउनको समयमा अत्यावश्यक कार्यको लागि सवारी साधन चलाउन अनुमतिपत्र प्रदान गर्न र सवारी पास वितरण कार्यलाई छिटो छरितो र व्यवस्थित गर्नका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरद्वारा सवारी पास व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएको ।




## e-pass कार्यान्वयन गरिएको

लकडाउनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका साथै आम जनजीवनलाई सहज बनाउन अत्यावश्यक सवारी साधनको लागि पास उपलब्ध गराउने सम्बन्धमा गृह मन्त्रालयद्वारा सञ्चालनमा ल्याइएको e-pass कार्यान्वयनमा ल्याएको र हाल त्यस्ता अत्यावश्यक सवारी साधनलाई e-pass मात्र उपलब्ध गराइएको ।

ई-पासको लागि निवेदन गर्ने तरिका:-

- मोबाईलको मेसेज बक्समा गई जुनसुकै कोड हानी ११११२ मा एस.एम.एस. गरे पश्चात प्राप्त https://epass.moha.gov.np लिंक खोली वा सोझै https://epass.moha.gov.np वेबसाईटमा गई तोकिएको विवरणहरू भरी पासको लागि निवेदन गर्ने ।
- अनलाईन फारम पेश भईसकेपछि जिल्ला प्रशासन कार्यलयले पास वितरण मापदण्डको आधारमा पास दिने, नदिने निर्णय गर्नेछ । सो को जानकारी एस.एम.एस. मार्फत अनुरोधकर्ताको मोबाईलमा आउनेछ ।
- अनलाईन फारम स्वीकृत भएमा अनुरोधकर्ताको मोबाईलमा एउटा ६ अंकको कोड (Pass code) प्राप्त हुनेछ । उक्त कोड नै अनुरोधकर्ताको सवारी अनुमती पास हुनेछ ।



## स्थानीय तहहरूबाट वितरण गरिएको राहतको विवरण

| | |
|---|---|
| हेटौडा उ.म.न.पा. | ९०५१ परिवार |
| मनहरी गा.पा. | ३३३४ परिवार |
| राक्सीराङ्ग गा.पा. | १५६४ परिवार |
| मकवानपुरगढी गा.पा. | ४६३ परिवार |
| भिमफेदी गा.पा. | २३७ परिवार |
| बकैया गा.पा. | १५० परिवार |
| इन्द्रसरोवर गा.पा. | १३१ परिवार |
| थाहा न.पा. | ६० परिवार |
| बागमती गा.पा. | राहत नबाँडिएको |
| कैलाश गा.पा. | राहत नबाँडिएको |

### नगद राहत वितरणमा रोक

नेपाल सरकारले तय गरेको मापदण्ड विपरीत केही व्यक्ति तथा संघ संस्थाहरूले आफूखुसी राहतको नाममा नगद वितरण गरेको सूचना प्राप्त भएको सन्दर्भमा राहतका नाममा नगद वितरण नगर्न, नगराउन सबैमा अनुरोध गरिएको र सो को अनुगमन सुरक्षा निकायद्वारा गरिएको ।

### राहत वितरण सम्बन्धी सूचना

मिति २०७६-१२-१६ गते माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकद्वारा कुनै निकाय/संघ/संस्था/व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क गर्नुपर्ने, तोकिएको मापदण्ड अनुसारको सहयोग सामग्रीहरू भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडास्तरीय समितिमार्फत वितरण गर्ने र सो को विवरण अनिवार्यरूपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने भनी निर्णय गरिएको हुँदा कुनै पनि निकाय/संघ/संस्था/व्यक्तिले स्थानीय तहसँग सम्पर्क र समन्वय नगरी आफूखुसी सहयोग सामग्री वितरण नगर्न, नगराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।



सुरक्षाकर्मीहरूद्वारा सचेतनामूलक प्लेकार्ड सहित सवारी पास चेक गरिदैं ।






लकडाउन उल्लंघन गर्नेलाई सुरक्षाकर्मीहरूद्वारा नियन्त्रणमा लिइँदै ।

## जिल्लाभित्र सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्न मिति २०७७ बैशाख ८ गते बसेको बैठकको निर्णय

१. जिल्लाभित्र सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न धार्मिक गुरु/अगुवाहरूले आ-आफ्नो तर्फबाट आवश्यक पहल गर्ने ।

२. नेपाल पत्रकार महासंघ मकवानपुरले सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामा प्रतिकूल असर पर्ने खालका समाचार प्रकाशन तथा प्रशारण नगर्न सहयोग पर्याउने र धार्मिक तथा सामाजिक सद्भाव र सहिष्णुता कायम राख्ने सम्बन्धमा सूचनामूलक सन्देशहरू प्रवाह समेत गर्ने ।

३. सामाजिक सञ्जाल वा अन्य कुनै माध्यम मार्फत अफवाह फेलाई सामाजिक तथा धार्मिक सद्भावमा खलल पुर्याउनेलाई सुरक्षा निकायले तत्काल नियन्त्रणमा लई कानून बमोजिम कारबाही गर्ने ।

४. यस जिल्लामा रहेका मन्दिर, गुम्बा, मस्जिद, चर्च आदिमा मानिसहरू भेला जम्मा नगर्न यस अगाडि नै निर्णण भइसकेकोमा सबै पक्षबाट सो निर्णयलाई पूर्णरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइयो । साथै, धार्मिक स्थलहरूमा अन्य मुलुक वा अन्य जिल्लाहरूबाट कुनै व्यक्तिहरू आएको सूचना पाएमा तत्काल प्रहरी प्रशासनमा जानकारी गारउने

## लकडाउनको समयमा आवागमन गर्दा सवारी साधन अनुमतिपत्र आवश्यक नपर्ने सवारी साधन तथा व्यक्तिहरू

१. एम्बुलेन्स, शववाहन, दमकल ।

२. झण्डावाल सवारी ।

३. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरू ।

४. प्रेस पास प्राप्त सञ्चारकर्मीहरू ।

५. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फर्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरू, औषधी उत्पादन ढुवानी र विक्रीवितरणमा संलग्न हुने जनशक्तिहरू ।

६. खानेपानीको मर्मत सम्भार र वितरणमा संलग्न जनशक्ति ।

७. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति ।

८. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।

९. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरू ।

## स्थानिय तहहरूमा रहेका क्वारेन्टिन, आईसोलेसन र ICU बेड संख्याहरू तथा स्थानीय तहहरूमा गरिएको RDT को विवरण

| स्थानीय तह | क्वारेन्टिन बेड संख्या | आईसोलेसन बेड संख्या | ICU बेड संख्या | RDT संख्या र नतिजा |
|---|---|---|---|---|
| हेटौडा उ.म.न.पा. | १०० | ३० | ४ | ३२२ (४ +ve) |
| थाहा न.पा. | २० | ५ | ० | ५५ (सबै -ve) |
| कैलाश गा.पा. | ५ | ० | ० | ३९ (सबै -ve) |
| इन्द्रसरोवर गा.पा. | ५ | ० | ० | १५ (सबै -ve) |
| भिमफेदी गा.पा. | ० | ० | ० | ४८ (सबै -ve) |
| मनहरी गा.पा. | २५ | ० | ० | ४९ (सबै -ve) |
| राक्सीराङ्ग गा.पा. | २ | ० | ० | ९ (सबै -ve) |
| मकवानपुरगढी गा.पा. | १० | ० | ० | १७ (सबै -ve) |
| बकैया गा.पा. | १६ | ० | ० | २२ (सबै -ve) |
| बागमती गा.पा. | ६० | ० | ० | ३८ (सबै -ve) |
| जम्मा | २४३ | ३५ | ४ | ६१४ |

## आपूर्ति व्यवस्थापनलाई सहज बनाइएको

लकडाउनको समयमा दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति तथा वितरणको व्यवस्था मिलाउन मकवानपुर उद्योग वाणिज्य संघले समन्वय गरेको र सो कार्यमा जिल्ला प्रशासन कार्यालयले आवश्यक सहजीकरण गरेको ।

## महत्वपूर्ण सम्पर्क नं.

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | ९८५५०२७७७७ |
| प्रमुख सेनानी | ९८४१४६९६५९ |
| प्रहरी उपरीक्षक | ९८५५०४५५५५ |
| सशस्त्र प्रहरी उपरीक्षक | ९८५१२७२३९५ |
| वरिष्ठ जनस्वास्थ्य प्रशासक (स्वास्थ्य कार्यालय) | ९८४१०५७८५४ |
| मे.सु., हेटौडा अस्पताल | ९८४१२४०६८३ |
| स्वास्थ्य शाखा प्रमुख (हेटौडा उ.म.न.पा.) | ९८५५०६८८५७ |

## बजार अनुगमनलाई प्रभावकारी बनाइएको

लकडाउनको समयमा बजारमा हुनसक्ने कालोबजारी, जम्माखोरी, मूल्यवृद्धि, नाफाखोरी, कृत्रिम अभाव सिर्जना, मिसावट लगायतका गतिविधिहरूलाई नियन्त्रण गर्न मकवानपुर जिल्लामा दुईवटा क्लस्टर निर्माण गरी नियमितरूपमा बजार अनुगमन भइरहेको । बजार अनुगमनका क्रममा अनियमितता गर्ने चार वटा पसलका सञ्चालकलाई कानून बमोजिम जरिवाना एवं कारवाहीको दायरामा ल्याइएको ।

## अलपत्र मजदूरलाई उद्धार

लकडाउनपछि मकवानपुर जिल्लाका विभिन्न स्थानमा अलपत्र परेका अन्य जिल्लाका मजदूरहरूलाई आ-आफ्नो गृह जिल्लासम्म जानको लागि सवारी पासको व्यवस्था गरी उद्धार गरिएको । त्यसरी उद्धार गरिएको मजदूरहरूको संख्या १२२७ जना रहेको ।

## महिला स्वास्थ्य स्वयंसेविकाहरू परिचालन गरिएको

स्वास्थ्य कार्यालय, मकवानपुरले स्थानीय तहहरूसँग आवश्यक समन्वय गरी सबै स्थानीय तहका वडाहरूमा रहेका महिला स्वास्थ्य संवयंसेविकाहरूलाई परिचालन गर्ने व्यवस्था मिलाएको ।


थाहा न.पा. ६, बज़बाराही स्थित ॐ अध्याय रिसोर्टमा स्थापित थाहानगर कोरोना क्वारेन्टिन

# जिल्ला प्रशासन कार्यालय, मकवानपुर

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), मकवानपुर

**फोन नं.** : ०५७-५२०४९५, ५२००१२
**फ्याक्स** : ०५७-५२३८२२
**ईमेल** : daomakawanpur@moha.gov.np
**वेबसाईट** : daomakawanpur.moha.gov.np
**फेसबुक पेज** : https://www.facebook.com/daomakawanpur